तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मिति २०८३ साल असार महिनाको १८ गते तिलोत्तमा नगरपालिकाका नगर प्रमुख श्री रामकृष्ण खाणज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी निम्नानुसारका निर्णयहरु गरियो ।

| क्र.स. | पद/दर्जा | पदाधिकारीको नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर कार्यपालिका अध्यक्ष | नगर-प्रमुख, श्री रामकृष्ण खाण | |
| २. | नगर कार्यपालिका सदस्य | उप-प्रमुख, श्री जगेश्वर देवी चौधरी | |
| ३. | नगर कार्यपालिका सदस्य | श्री फर्शुराम गिरी | |
| ४. | नगर कार्यपालिका सदस्य | श्री डिल बहादुर भट्टराई | |
| ५. | नगर कार्यपालिका सदस्य | श्री कल्याण प्रसाद पौडेल | |
| ६. | नगर कार्यपालिका सदस्य | श्री हरि बहादुर क्षेत्री | |
| ७. | नगर कार्यपालिका सदस्य | श्री रमेश डुम्रे | |
| ८. | नगर कार्यपालिका सदस्य | श्री गणेश पाठक | |
| ९. | नगर कार्यपालिका सदस्य | श्री देवी प्रसाद पंगेनी | |
| १०. | नगर कार्यपालिका सदस्य | श्री कृष्ण प्रसाद पौडेल | |
| ११. | नगर कार्यपालिका सदस्य | श्री ध्रुव न्यौपाने | |
| १२. | नगर कार्यपालिका सदस्य | श्री गोपाल प्रसाद घिमिरे | |
| १३. | नगर कार्यपालिका सदस्य | श्री विष्णु बहादुर बराल क्षेत्री | |
| १४. | नगर कार्यपालिका सदस्य | श्री सहदेव थारु | |
| १५. | नगर कार्यपालिका सदस्य | श्री नारायण ढकोल | |
| १६. | नगर कार्यपालिका सदस्य | श्री अश्विन पौडेल | |
| १७. | नगर कार्यपालिका सदस्य | श्री खेमराज गुरुङ्ग | |
| १८. | नगर कार्यपालिका सदस्य | श्री झविलाल भुसाल | |
| १९. | नगर कार्यपालिका सदस्य | श्री दान बहादुर चौधरी | |
| २०. | नगर कार्यपालिका सदस्य | श्री सुरेन्द्र श्री | |
| २१. | नगर कार्यपालिका सदस्य | श्री राधा शाही | |
| २२. | नगर कार्यपालिका सदस्य | श्री लक्ष्मी घिले | |
| २३. | नगर कार्यपालिका सदस्य | श्री रवि सेन्चुरी | |
| २४. | नगर कार्यपालिका सदस्य | श्री नर बहादुर छन्तेल | |
| २५. | नगर कार्यपालिका सदस्य | श्री तारा सुनार | |
| २६. | नगर कार्यपालिका सदस्य | श्री सावित्रा पन्थी आचार्य | |
| २७. | नगर कार्यपालिका सदस्य | श्री देवकी चौधरी | |
| २८. | सचिव | श्री खुमलाल भुसाल | |

## तिलोत्तमा नगरपालिका

कार्यपालिका बैठक सङ्ख्याः १६/२०८२/८३ (१९६) मितिः २०८३/३/१८ गते ।

<u>बैठकका कार्यसूचीहरूः</u>

१. सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सम्बन्धमा

२. आर्थिक वर्ष २०८३।८४ को रजिष्ट्रेसन प्रयोजनको लागि जग्गाको न्यूनतम् मूल्याङ्कन सम्बन्धमा

३. आयोजनाको लागि नदीजन्य पदार्थ प्रशोधन अनुमति सम्बन्धमा

४. १६ मौजा सिँचाइ प्रणालीलाई गणेशनगर हाटबजारबाट प्राप्त राजस्व फिर्ता सम्बन्धमा

५. घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धमा

६. लिलाम बिक्री सम्बन्धमा

७. विविध

**निर्णय नं. १**

तिलोत्तमा नगरपालिका, नगर कार्यपालिका बैठकको मिति २०८३।१।३१ को निर्णयबाट गठित सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समितिले तयार गरी पेस गरेको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८३ स्वीकृत गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ को दफा १२ को उपदफा (२) बमोजिम मूल्याङ्कनका लागि मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेशमा लेखी पठाउने।

**निर्णय नं. २**

आगामी आर्थिक वर्ष २०८३/८४ को लागि भूमि प्रशासन कार्यालय, भैरहवा र भूमि प्रशासन कार्यालय, बुटवलबाट यस नगरपालिका (साबिक गाविसहरू आनन्दवन, करहिया, मक्रहर, टिकुलीगढ, मधवलिया र गंगोलिया) क्षेत्र भित्रको जग्गाको रजिष्ट्रेशन पारित हुने लिखतमा थैली अङ्क कायम गर्ने प्रयोजनका लागि चालु आर्थिक वर्ष २०८२/८३ को न्यूनतम मूल्याङ्कन रकममा वृद्धि नगरी सोही रकमलाई यथावत् राख्ने।

**निर्णय नं. ३**

तिलोत्तमा नगरपालिकाको प्राथमिकता प्राप्त आयोजनाको लागि नदिजन्य पदार्थको उत्खनन्कर्ता श्री सगुन कन्सट्रक्सन एण्ड ईन्जिनियरिङ्ग प्रा.लि.लाई कार्यालयको च.नं. ४०१८, मिति २०८३/०३/१० गतेको पत्रबाट १२,७५,२२६ घनफुट नदिजन्य पदार्थ ओसारपसार गर्न अनुमति दिईएकोमा उक्त अनुमति बमोजिम एउटा मात्र क्रशरमा प्रशोधन गर्दा धेरै समय लाग्ने, यसबाट सम्बन्धित आयोजनाको निर्माण कार्यमा प्रशोधन गरेको बालुवा, गिट्टीको अभाव भई निर्माण कार्यमा प्रत्यक्ष असर पर्न सक्ने अवस्थालाई दृष्टिगत गरी मिति २०८३/०३/१२ गतेको नगर प्रमुखस्तरीय निर्णयबाट देहाय बमोजिम हुनेगरी प्रशोधन गर्न अनुमति दिईएको हुँदा उक्त निर्णय अनुमोदन गर्ने ।

<u>देहायः</u>

१. साबिकको अनुमतिपत्रमा श्री मुक्तिनाथ क्रशर उद्योग, तिलोत्तमा-६ मा प्रशोधनका लागि लैजान अनुमति दिईएको ६,००,००० घनफुट मध्ये न्यू सृष्टि नमुना रोडा उद्योग प्रा.लि., तिलोत्तमा-६ मा १,५०,००० घनफुट र कालिका रोडा उत्पादन तथा प्रशोधन उद्योग बुटवल-१८ मा १,५०,००० घनफिट लैजाने।
२. त्यसैगरि तिलोत्तमा-१३ मा सागर खड्काको जग्गामा राख्न अनुमति दिईएको ६,७५,२२६ घनफुट मध्ये रुपन्देही एस.आर. रोडा उद्योग प्रा.लि. तिलोत्तमा-१३ मा २,००,००० घनफुट र जय माँ बैष्णो कंक्रिट एण्ड वाटर सप्लाई कम्पनी, सियारी-७, अमुवामा १,००,००० घनफुट लैजाने ।

**निर्णय नं. ४**

तिलोत्तमा नगरपालिका वडा नं.-६, गणेशपुर क्षेत्रमा सोह्र मौजा (हाल तेत्तिस) सिँचाइ प्रणालीले साबिकका सातवटा कूलोलाई एकीकृत गरी दुईवटा कुलो कायम गर्दा खाली हुन आएको र हालसम्म उक्त समितिको रेखदेख र संरक्षणमा रहेको जग्गामा नगरपालिकाले गणेशपुर हाटबजार सञ्चालन गर्दै आएको हुँदा आर्थिक वर्ष २०८२/८३ बाट लागु हुने गरी यस बजारबाट प्राप्त हुने बैठकी शुल्क आम्दानीको तीस प्रतिशतले हुन आउने रकम सोही सिँचाइ प्रणालीलाई फिर्ता दिने ।

प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

**निर्णय नं. ५**

तिलोत्तमा नगरपालिकाको कार्यालयमा दर्ता भएका "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी निवेदन बैठकमा पेस भै जानकारी भयो । सो सन्दर्भमा जाँचबुझ तथा सिफारिस समितिको मिति २०८३/०३/०३ गतेको सिफारिस अनुसार देहाय बमोजिमको फर्मलाई तिलोत्तमा नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा ४ बमोजिम "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने ।

<u>देहायः</u>

१. ह्याप्पी होम्स मल्टिपर्पोज प्रा.लि., तिलोत्तमा नगरपालिका वडा नं. ३

**निर्णय नं. ६**

तिलोत्तमा नगरपालिका र अन्तर्गतका वडा कार्यालय तथा स्वास्थ्य संस्थामा रहेका जिन्सी मालसामानहरू मध्ये जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम गर्नुपर्ने भनी उल्लेख भएका जिन्सी मालसामानहरूको लिलाम बिक्रीको लागि बोलपत्र स्वीकृत गर्ने सम्बन्धमा मिति २०८३।२।२१ मा भएको प्रमुख प्रशासकीय अधिकृतस्तरीय निर्णय अनुमोदन गर्ने ।

**निर्णय नं. ७**

तिलोत्तमा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट विभिन्न मितिमा खरिद सम्झौता भई कार्यसम्पन्न समेत भएका देहाय बमोजिमका अध्ययन प्रतिवेदन तथा दस्तावेज स्वीकृत गर्ने ।

<u>देहायः</u>

| सि.नं. | योजना तथा कार्यक्रमको विवरण | फर्म/कम्पनीको नाम | सम्झौता रकम रू. | कैफियत |
|---|---|---|---|---|
| १. | सेवाग्राही सन्तुष्टी सर्वेक्षण | दियालो ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रालि | ४७४००० | |
| २. | स्वास्थ्य संस्थाहरूको सामाजिक परीक्षण | रूपन्देही मिडिया नेटवर्क प्रालि | ४८०६९५ | |
| ३. | स्थानीय जलवायु अनुकुलन योजना LAPA तयारी | अलाना ईन्टरनेश्नल सर्भिसेस प्रालि | ४८१३८० | |
| ४. | नगरपालिका क्षेत्रभित्रको जैविक विविधता तथा हरियाली पार्क, ताल तलैया तथा खुला क्षेत्र सहितको वस्तुगत विवरण (Profile) तयारी | अस्पिसियस ईन्भारोमेन्टल कन्सल्ट प्रालि | ४८५९०० | |
| ५. | तिलोत्तमा नगरपालिकाको शिक्षा योजना निर्माण | नेपाल प्राज्ञिक अनुसन्धान केन्द्र | २९४६४७ | |

**निर्णय नं. ८**

लुम्बिनी प्रदेशको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा १२ को उपदफा (२) बमोजिम चालु आर्थिक वर्ष २०८२/८३ मा यस नगरपालिकाको सञ्चित कोषमा दाखिला भएको नदीजन्य पदार्थ उत्खनन् एवं व्यवस्थापन कार्यबाट संकलित रकमको दुई प्रतिशतले हुन आउने रकम जिल्ला समन्वय समितिको कार्यालय, रुपन्देहीमा पठाउने ।

**निर्णय नं. ९**

५ मार्च २०२१ मा शहरी विकास मन्त्रालय र तिलोत्तमा नगरपालिकाबिच भएको सम्झौता बमोजिम नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना (NUGIP) अन्तर्गत यस नगरपालिकामा सञ्चालित मंगलापुर-बेबरा-कान्छीबजार सडक खण्डको दोश्रो खण्ड करिब १. ८४ कि.मि. को बेबरा-कान्छीबजार सडक स्तरोन्नति कार्यको लागि निर्माण व्यवसायी श्री आशिस/आशिर्वाद जेभि र यस नगरपालिकाबिच १४ अप्रिल, २०२४ मा ठेक्का सम्झौता भएकोमा सम्झौता अनुसार निर्माणको क्रममा साइटको अवस्था र आवश्यकताको कारण शुरू डिजाइन तथा लागत अनुमान अनुसारको Quantity मा केही Quantity Adjust गर्नुपर्ने अवस्था सिर्जना भएकोले वास्तविक आवश्यकता र औचित्य पुष्टी हुने कार्यको लागि निर्माण व्यवसायी द्वारा पेस भइ सम्बन्धित आयोजनाको सुपरिवेक्षणको जिम्मा पाएको परामर्शदाता श्री बि एन प्लस जेभि को १५ मार्च, २०२६ को सिफारिस अनुसार देहायको विवरण सहितको प्रथम भेरिएसन आदेश स्वीकृत गर्ने ।

<u>देहायः</u>

| सि. नं. | विवरण | कैफियत |
|---|---|---|
| १. | आयोजनाको नामः बेबरा-कान्छीबजार सडक स्तरोन्नति आयोजना | |
| २. | ठेक्कानं.: NP-DUDBC-395275-CW-RFB | |
| ३. | शुरु लागत अनुमान रू. २२,७५,५९,५१२.६७ (VAT र PS समेत) | |
| ४. | संसोधित लागत अनुमान रू. १९,७०,००,७५७.३१(VAT र PS समेत) | १०.२७ % घटी |
| ५. | शुरू सम्झौता रकम रू. १९,१७,७६,५१९.७८ (VAT र PS समेत) | |
| ६. | संसोधित सम्झौता रकम रू. १६,७०,११,८७५.०९ (VAT र PS समेत) | ९.७५ % घटी |

**निर्णय नं. १०**

तिलोत्तमा नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत उपभोक्ता समितिमार्फत कार्यान्वयन हुने बिभिन्न योजनाहरु उपभोक्ता समितिसँग सम्झौता भइ कार्यान्वयनको चरणमा रहेका र अस्वाभाविक मूल्य वृद्धि तथा निर्माण सामग्रीको अभावका कारण निर्धारित समयभित्र सम्झौता अनुसार कार्यसम्पन्न हुन नसकेको हुँदा त्यस्ता सम्पुर्ण योजनाको सम्झौताको म्याद २०८२ असाढ १५ गतेसम्म थप गर्ने ।

खुमलाल कुइकेल
प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख

निर्णय नं. ११
तिलोत्तमा नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत रू. ५ लाख वा सो भन्दा बढी बजेट विनियोजन भएका योजना तथा कार्यक्रमहरू मध्ये ठेक्का प्रक्रिया र उपभोक्ता समितिमार्फत कार्यान्वयन भई सम्पन्न भएका योजना तथा कार्यक्रमहरूको अनुगमन सम्बन्धमा नगरस्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिका संयोजक श्री जगेश्वर देवी चौधरीबाट पेस हुन आएको अनुगमन प्रतिवेदन अनुमोदन गर्ने ।

निर्णय नं. १२
तिलोत्तमा नगरपालिका वडा नं. १४ मा पर्ने बागदुरा/चम्कीपुर घाट क्षेत्रमा भएको नदीजन्य पदार्थको अवैध उत्खनन् सम्बन्धमा जिल्लास्तरीय अनुगमन समितिबाट विभिन्न मितिमा स्थलगत अनुगमन गरी पेस हुन आएको अनुगमन प्रतिवेदन उपर छलफल गरियो । अनुगमन प्रतिवेदनमा औंल्याइएका विषय र नगरपालिकालाई प्राप्त सुझाव समेतको आधारमा आगामी दिनमा नदीजन्य पदार्थको अवैध उत्खनन् र चोरी निकासी हुन नदिने तर्फ जिल्लास्तरीय अनुगमन समितिसँग समन्वय गरी अनुगमनको कार्यलाई थप प्रभावकारी बनाउँदै लैजाने ।

निर्णय नं. १३
तिलोत्तमा नगर कार्यपालिकाबाट गठित देहाय बमोजिमका विषयगत समितिहरूले आर्थिक वर्ष २०८२।८३ मा गरेको कार्यसम्पादन सम्बन्धमा पेस हुन आएका वार्षिक प्रतिवेदन स्वीकृत गर्ने र प्रतिवेदनमा समेटिएका सुझावहरू क्रमशः कार्यान्वयन गर्दै जाने ।

<u>देहायः</u>

१. सुशासन तथा संस्थागत विकास समिति
२. सामाजिक विकास समिति
३. आर्थिक विकास समिति
४. पूर्वाधार विकास समिति
५. वन, वातावरण तथा विपद् व्यवस्थापन समिति

प्रमुख प्रशासकीय अधिकृत

रामकृष्ण खाण
नगर प्रमुख